# प्रेस विज्ञप्ति

स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम नागरिकहरुलाई प्रभावकारी रुपमा सेवा र सुविधा उपलब्ध गराई उनीहरुको जीवनस्तरमा सुधार ल्याउने उद्धेश्यले सञ्चालित कार्यक्रम हो । संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयको संयोजन र विभिन्न विकास साझेदारहरुको सहयोगमा संचालित यो कार्यक्रम सवै जिल्ला , गाविस र नगरपालिकामा सञ्चालित छ । यो कार्यक्रमको पहिलो चरण जुलाई २००८ देखि जुलाई २०१३ सम्म सञ्चालन भएको थियो । पहिलो चरणको कार्यक्रमवाट प्राप्त नतिजा र सिकाईका आधारमा कार्यक्रमका केही पक्षहरुमा परिमार्जन गरी कार्यक्रमको दोश्रो चरण २०१३ जुलाईदेखि संचालनमा रहेको छ । यो कार्यक्रमलाई एशियाली विकास वैंक, वेलायत विकास नियोग, डेनमार्क सरकार नर्वेजियन सरकार, स्वीस सरकार,जर्मन सरकार लगायत युएन एजेन्सिहरुको आर्थिक तथा प्राविधिक सहयोगमा संचालित रहेको छ । नागरिक सशक्तिकरण, सामाजिक उत्तरदायित्व, क्षमता विकास, सेवा प्रवाहमा सुधार र विकेन्द्रिकरण एवं संघीय शासन व्यवस्थाका लागि नेपाल सरकारलाई नीतिगत तथा प्राविधिक सहयोग गर्नु कार्यक्रमको मुख्य उदेश्य रहेको छ ।

स्थानीय निकायहरुमा जननिर्वाचित प्रतिनिधिहरु नरहेको वर्तमान अवस्थामायो कार्यक्रमले सामाजिक परिचालन मार्फत नागरिक र राज्य वीचको संवन्ध सुदृढीकरण गर्ने, स्थानीय स्तरका निर्णय प्रकृयामा विशेष गरी सामाजिक आर्थिक रुपमा पछि परेका महिला, वालवालिका, तथा विपन्न वर्गका नागरिकहरुको अर्थमूलक सहभागिता अभिवृद्धि गर्ने, सहभागीतामूलक योजना तर्जुमा प्रकृयालाई संस्थागत गरी जनउत्तरदायी शासन प्रणाली मार्फत नागरिकहरुलाई छिटो, गुणस्तरीय र पारदर्शी सेवा दावी गर्न सक्षम वनाउने काममा नगरपालिका तथा गाविसका सवै वडाहरुमा गरी ३१,४१४ वटा वडा नागरिक मञ्चहरु गठन भई आ–आफ्ना वडामा क्रियाशील रहेका छन् । वडा नागरिक मञ्चले सामाजिक परिचालनका माध्यमबाट वडास्तरका आवश्यकताहरु पहिचान र प्राथमिकीकरण गर्ने, स्थानीय स्तरमा सञ्चालित विकास गतिविधि र सार्वजनिक सेवाहरुको निगरानी गर्ने, समुदायमा विद्यमान सामाजिक भेदभाव, विसंगति , अन्धविश्वाश र रुढीवादी परम्परा हटाउने, वाल विवाह, दाइजो प्रथा, वोक्सी प्रथा जस्ता परम्पराहरु विरुद्ध जनचेतना अभिवृद्धि गर्ने, विद्यालय भर्ना, सवैका लागि खोप, खुल्ला दिसा मुक्त क्षेत्र अभियान सञ्चालन गर्ने, स्थानीयस्तरमा राष्ट्रिय अभियानहरुको प्रभावकारी कार्यान्वयन गरी नेपाल सरकारले अर्न्तराष्ट्रिय जगतमा गरेका प्रतिवद्धताका साथै दिगो विकासका लक्ष्यहरु प्राप्त गर्ने काममा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् ।

यसै गरी सामाजिक चेतनाका दृष्टिले कमजोर र वञ्चितिमा परेका परिवारहरुलाई साप्ताहिक रुपमा रिफ्लेक्ट सेशन मार्फत नागरिकका कर्तव्य र अधिकारवारे सुसूचित गराउने, विभिन्न निकायहरुद्धारा प्रवाह गरिने सेवा प्राप्तिका प्रकृयाहरु संवन्धमा जानकारी गराई गुणस्तरयुक्त सेवा दावी गर्न सक्षम वनाउने, आफ्नो समुदायमा विद्यमान जातीय भेदभाव तथा सामाजिक विसंगतिहरुको अन्त्य गरी सामाजिक सहिष्णुताको माध्यमद्धारा सामाजिक पूजि निर्माण गर्ने अभिप्रायले देशभरीका गाविस तथा नगरपालिकाहरुमा ८,४८४ वटा नागरिक सचेतना केन्द्रहरु सञ्चालनमा रहेका छन् ।

कार्यक्रमवाट प्राप्त यी उत्साहजनक नतिजाहरुलाई मध्यनजर गर्दै यही २०१६ जुन ८ मा आयोजित राष्ट्रिय सल्लाहकार समितिको वैठकमा विकास साझेदारहरुले कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडि वढाउन नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई थप सहयोग गर्ने वचनवद्धता व्यक्त गर्दै नर्वेजियन सरकारले थप ३ मिलियन अमेरिकी डलर सहायता गर्ने प्रतिवद्धता गरे अनुरुप आज मिति जुन १७, २०१६ मा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्ग र नर्वेजियन राजदुत श्री केल टर्मोड पेटरसन वीच सम्झौता पत्रमा हस्ताक्षर भयो । उक्त अवसरमा सचिव श्री महेन्द्रमान गुरुङ्गले निरन्तर रुपमा विगत लामो समयदेखि नेपालको विकासका लागि सहयोग पुर्‍याउदै आएको नर्वेजियन सरकार र नर्वेजियन नागरिकहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दै द्विपक्षीय रुपमा भएको सम्झौता अनुसार प्राप्त अनुदानलाई स्थानीय शासन व्यवस्था सुदृढीकरण गर्ने, नागरिक केन्द्रित विकास प्रकृयालाई थप प्रभावकारी वनाउने कार्यमा सहयोग रकम परिचालन गर्ने प्रतिवद्धता जनाउनु भएको थियो ।

जुन १७, २०१६

छवि रिजाल
राष्ट्रिय कार्यक्रम व्यवस्थापक
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय